(संवत् २०७९ साल कात्तिक मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राज्य रजौटा ऐन, २०१७

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| | २०१७।१२।२७ |
| १. राज्य रजौटा (संशोधन) ऐन, २०१९ | २०१९।१२।३० |
| २. केही नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० |
| ३. राज्य रजौटा (दोस्रो संशोधन) ऐन, २०२४ | २०२४।६।११ |
| ४. राज्य रजौटा (तेस्रो संशोधन) ऐन, २०४४ | २०४४।६।९ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ ◆ | २०६६।१०।७ |

२०१७ सालको ऐन नं. ३२

2..................

राज्य र राजा रजौटाका सम्बन्धमा समयानुकुल व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहबाट बाँधिबक्सेको राष्ट्रिय एकतालाई अझ सुदृढ पारी ⇨विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न राज्य र राजा रजौटाका सम्बन्धमा समयानुकुल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट ⇨नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "राज्य रजौटा ऐन, २०१७" रहेको छ ।

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⇨ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

(२) यो ऐन नेपाल [2]......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>राज्य रजौटाको समाप्तिः</u> (१) यो ऐन प्रारम्भ भएका अघिल्ला दिनसम्म नेपाल [2]........... मा रहिआएका सबै राज्य समाप्त गरिएको छ ।

(२) यो ऐन प्रारम्भ भएपछि कसैले त्यस्तो कुनै राज्यका राजा रजौटाका हैसियतले कुनै अधिकार प्रयोग गर्न पाउने छैन ।

(३) [2]..............

३. ⌧................

४. ⌧................

५. <u>राज्य माल सरकारी मालमा परिणत हुनेः</u> (१) यो ऐन बमोजिम समाप्त भएका राज्यहरुको माल अड्डाहरु नेपाल सरकारका माल अड्डाका रुपमा परिणत गरिएका छन् र त्यस्तो मालमा रहेका राज्य सम्बन्धी कागजपत्र नेपाल सरकारको कागजपत्र मानिनेछ ।

(२) नेपाल सरकारको अर्को आदेश नभएसम्म उपदफा (१) बमोजिमका माल अड्डाहरुले साबिक बमोजिम असुल तहसील समेत जो गर्नु पर्ने काम कारबाही नेपाल सरकारको निमित्त गर्नेछन् ।

◘६. <u>पूजाआजा गुठी चलाउन सकिनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०६४ साल चैत्र मसान्तसम्म तत्कालिन कानून बमोजिम कायम रहेका राजा रजौटाहरुले कुनै देवालय, मठ मन्दिरमा पूजाआजा सञ्चालन गरे वा गराएको रहेछ भने त्यस्तो देवालय, मठ मन्दिर सञ्चालनका लागि छुट्टै आयस्रोतको व्यवस्था भएकोमा बाहेक त्यस्तो देवालय, मठ मन्दिरमा चलिआएको पूजाआजा सञ्चालन गर्न नेपाल सरकारले दिएको आदेश अनुसार प्रचलित कानून बमोजिम खडा भएको

कानून तथा न्याय संसदीय मामिला मन्त्रालय

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⌧ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज।

◘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

गुठी संस्थानले साविक बमोजिम राजगुठीको आम्दानीबाट पूजाआजा गुठी सञ्चालन गर्न आवश्यक खर्चको व्यवस्था गर्नेछ ।

⇒७. <u>खारेजी:</u> नेपाल [2]......... भित्रका राज्य र राजा रजौटाहरुका सम्बन्धमा यो ऐन प्रारम्भ भएका अघिल्ला दिनसम्म भएको ऐन, सवाल र अन्य लिखत खारेज भएको वा यस ऐनसँग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⇒ नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालु राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

<u>द्रष्टव्य:</u> केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।